**मिति २०७७ पौष २७ गते (वि.सं. २०७७।०९।२७) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९६ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०७७।०८।३० गते प्रकाशित सूचना बमोजिम तुलसीपुर उपमहानगरपालिकाले आगामी आर्थिक बर्ष २०७८।०७९ का लागि संघिय समपुरक र विशेष अनुदानमा संचालन गर्ने गरि तपसील बमोजिमका आयोजनाहरु संबन्धित निकायमा पेश गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**तपसील**

**क) समपुरक अनुदानका कार्यक्रमहरु :**

१. तुलसीपुर मेट्रो कलेज (बहुबर्षियमा रकम माग गर्ने)

२. तुलसीपुर बहुउद्देशीय भवन तथा स्थानीय उत्पादन केन्द्र

३. चौवा खोला पुल

४. अरनिको फुटबल मैदान ।

५. भमके खोला पुल

**ख) विशेष अनुदानका योजनाहरु :**

१. तुलसीपुर मेट्रो अस्पताल

२. दद्रेनी पतेनी, बायखोला खारखोला सिंचाई कुलो

३. जनजागृती मा.वि. भवन निर्माण

४. मनमोहन गणेशमान कलेज अफ साईन्स एण्ड टेक्नोलोजी भवन निर्माण

५. तुलसीपुर मानव श्रोत विकास केन्द्र

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/७८ का लागि लागत सहभागितामा सञ्चालित योजनाहरुमा शहरी क्षेत्रमा न्युनतम ४० प्रतिशत २०/२० (नगद र जनसहभागिता) र ग्रामिण क्षेत्रमा न्युनतम ३० प्रतिशत १०/२०(नगद र जनसहभागिता) सहभागितामा सञ्चालन गर्ने उक्त योजनाहरु २०७७।९।२९ गते भित्र दर्ता गरी २०७७ माघ मसान्त भित्र संझौता गरिसक्नु पर्ने साथै लागत सहभागिताका सबै योजनाहरुमा सम्भव भए सम्म प्रधानमन्त्री रोजगार कार्यक्रमका कामदाहरु



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ पौष २७ गते (वि.सं. २०७७।०९।२७) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९६ औं बैठकका निर्णयहरु :**

योजनाहरुको दोहोरो भुक्तानी नपर्ने गरी परिचालन गर्ने निर्णय गरियो । साथै सबै योजनाहरु चालु आ.ब.मा सम्पन्न गर्नु पर्ने छ । चालु आर्थिक बर्षमा आन्तरिक आयले सम्भव भएसम्मका योजनाहरु लाई चालु आ.ब.मा नै भुक्तानी दिन कारणबस आन्तरिक श्रोतको रकम अभाव भएमा योजनाको भुक्तानी आगामी आ.ब.२०७८/७९ को प्रथम चौमासिकमा प्राथमिकताको आधारमा दिईने साथै डिपिआर तयार भैसकेका ठूला आयोजनाहरुलाई बहुबर्षिय आयोजनाका रुपमा टेण्डर प्रकृयाबाट कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना,परियोजना ईकाई लमही दाङ्गको कार्यक्रम अनुसार स्थानीय तह संगको साझेदारीमा बीउ श्रोत केन्द्र स्थापनाका लागि ३०,०००००। बजेट बिनियोजन गरेको र आवेदन पेशको सूचना बमोजिम उक्त कार्यक्रममा छनोट भएको डुरुवा पहेलपार कृषि सहकारी संस्था,तुलसीपुर १५ लाई बीउ श्रोत केन्द्र स्थापनाका लागि आवश्यक पर्ने जग्गा व्यवस्था गर्नु पर्ने भएंकोले तुलसीपुर उपमहानगरपालिका वडा नं. १५ स्थित सरैया बाबाकुटीमा रहेको कसैको जोतभोग नभएको छुट नक्सा नं. साबिक डुरुवा १ ग कि.नं.१४७ र सो संग सटेको डुरुवा १ ग कि.नं. १२४ आठ नं. प्रति जग्गामा डुरुवा पहेलपार कृषि सहकारी संस्था, तुलसीपुर १५ लाई अनुमति दिने साथै उक्त कार्यक्रममा स्थानीय तहको साझेदारीका लागि रु.६०००००।(छ लाख मात्र) बजेट व्यवस्थापन गरी साझेदारीमा बीउ श्रोत केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

भुमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधि,२०७७ को ३को (१) को (घ) बमोजिम गठन हुने सहजिकरण समिति तपसिल बमोजिम गठन गर्ने,नगरप्रमुखले मनोनयन गरेका सदस्यहरु,वडा स्तरको सहजिकरण समिति कार्यबिधि अनुसार गठन गर्ने र वडा अध्यक्षको परामर्शमा नगरप्रमुखले मनोनयन सदस्यहरु रहने एवं राजनीतिक दलका प्रतिनिधिहरु समावेश गर्ने निर्णय गरियो ।

**तपसिल**

**कार्यपालिका बाट नियमानुसार मनोनयन गर्ने**

१.श्री चित्रा मल्ल

२.श्री डिला परियार

श्री माधव पौडेल(अधिकृत स्तर छेठौं) ईकाई प्रमुख(लगत संकलन)

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ पौष २७ गते (वि.सं. २०७७।०९।२७) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९६ औं बैठकका निर्णयहरु :**

**निर्णय नं ५**

तपसिल बमोजिमका कार्यबिधि,निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| ऐन,कार्यबिधि,निर्देशिका | क्र.स. | शाखा |
|---|---|---|
| क.प्रारम्भीक वातावरणीय परिक्षण कार्यबिधि,२०७७ | २ | हरियाली |
| ख.पशुसेवा सञ्चालन कार्यबिधि,२०७७ | ३ | पशु बिकास |
| ग.कृषि बिकास कार्यक्रम कार्यबिधि,२०७७ | ६ | कृषि बिकास |
| घ. घ बर्गका प्रिफ्याव र अस्थायी घरहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७७ | ७ | भवन अनुमति |
| ङ. एकिकृत पशु स्वास्थ्य सिबिर संचाल,पशुसेवा तालिम संचालन,कृषक समुह गठन परिचालन कार्यबिधि,२०७७ | १२ | पशुसेवा |
| च. कृषि उपज बजार स्थलको गठन,व्यवस्थापन तथा संचालन निर्देशिका,२०७७ | | कृषि शाखा |

**निर्णय नं ६**

तुलसीपुर उप-महानगरपालिको आ.व.०७६/०७७ को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तुलसीपुर उपमहानगरपालीकाका विभिन्न खरिद तथा जडान सम्बन्धी खोलिएका तपसिल बमोजिमका ठेक्का सम्झौता भएकोमा सम्झौता बमोजिम कोभिड-१९को महामारीको संक्रमण न्युनीकरण गर्न देश भर लकडाउन भएको अवस्था भएकोले तोकिएको समय भित्र गर्न असहज देखिएकोले म्याद थप गरिदिन हुन भनि बोलपत्रदाताहरु बाट अनुरोध भई आएको सन्दर्भमा कोभिड-१९ को महामारीको संक्रमण न्युनीकरण गर्न देश भर लकडाउन भएको अवस्था र सो लगतै छिमेकि देश भारत लगायत अन्य देशहरुमा समेत लकडाउन भई बिभिन्न स्थानहरुमा बन्दाबन्दीको अवस्था श्रृजना भएकोले सामग्रि उत्पादन तथा ढुवानीमा समेत असर परेको अवस्थालाई मध्य नजर गर्दा उक्त ठेक्का सम्झौता बमोजिम तोकिएको समय भित्र निर्माण तथा खरिद कार्य सम्भव नदेखिएकोले तपसिल बमोजिमका ठेक्काहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**म्याद थप गर्नु पर्ने ठेक्काको विवरण**

| सि.नं | ठेक्का नं/ बोलपत्रको विवरण | बोलपत्र दाताको नाम, ठेगाना | सम्झौता मिति | सम्पन्न हुनु पर्ने मिति | म्याद थप गरिएको मिति |
|---|---|---|---|---|---|
| १ | १५/सा/०७६/०७७<br>छानाका लागि सादा जस्ता पाता | प्रतिमा सप्लायर्स<br>तुलसीपुर ५ दाङ्ग | २०७७।१।३१ | २०७७।३।३१ | २०७७ पौष |

(३)

(मिति २०७७।०९।२७ का.पा. ९६ औं का.पा. बैठक निर्णयहरु)

घनश्याम पाण्डे
प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७ पौष २७ गते (वि.सं. २०७७।०९।२७) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९६ औं बैठकका निर्णयहरु :

| | | | | | |
|---|---|---|---|---|---|
| | २६ Guage Heavy 64.0 kg bundle plain cgi sheet for roofing | | | | मसान्त |
| २ | २२/निर्माण/०७६/०७७ सिसि क्यामरा खरिद तथा जडान कार्य सम्बन्धी | आरम्भ ईनर्जी एण्ड ईलेक्ट्रोनिक्स प्रा.ली. ललितपुर नेपाल | २०७७।३।२६ | २०७७।५।३० | २०७७ मंसिर मसान्त |
| ३ | ८/सा/०७६/०७७ वडा नं. १,२,३,८ र ९ का लागि ४० एम एम साईजको ढुङ्गको गिट्टी खरिद तथा ढुवानी | श्री भाग्य लक्ष्मी क्रसर उद्योग प्रा.ली. तुलसीपर २ दाङ्ग | २०७७।१।२१ | २०७७।३।१० | |
| ४ | ९/सा/०७६/०७७ वडा नं. ४,७,१८र १९ का लागि ४० एम एम साईजको ढुङ्गको गिट्टी खरिद तथा ढुवानी | श्री भाग्य लक्ष्मी क्रसर उद्योग प्रा.ली. तुलसीपर २ दाङ्ग | २०७७।१।२१ | २०७७।३।१० | |
| ५ | १०/सा/०७६/०७७ वडा नं. १४,१५,१६र १७ का लागि ४० एम एम साईजको ढुङ्गको गिट्टी खरिद तथा ढुवानी | श्री मंगलम बालुला प्रशोधन उद्योग तुलसीपर १२ दाङ्ग | २०७७।१।२१ | २०७७।३।१० | २०७७ माघ मसान्त |
| ६ | ११/सा/०७६/०७७ वडा नं. १०,११,र १३ का लागि ४० एम एम साईजको ढुङ्गको गिट्टी खरिद तथा ढुवानी | श्री भाग्य लक्ष्मी क्रसर उद्योग प्रा.ली. तुलसीपर २ दाङ्ग | २०७७।१।२१ | २०७७।३।१० | |
| ७ | १२/सा/०७६/०७७ वडा नं. ५,६,र १२ का लागि ४० एम एम साईजको ढुङ्गको गिट्टी खरिद तथा ढुवानी | श्री भाग्य लक्ष्मी क्रसर उद्योग प्रा.ली. तुलसीपर २ दाङ्ग | २०७७।१।२१ | २०७७।३।१० | |
| ८ | १३/सा/०७६/०७७ वडा नं. १ देखि १९ का लागि 13 mm passing and retained on 9 mm sieve natural washed chips खरिद तथा ढुवानी कार्य | श्री भाग्य लक्ष्मी क्रसर उद्योग प्रा.ली. तुलसीपर २ दाङ्ग | २०७७।१।२१ | २०७७।३।१० | २०७७ चैत्र मसान्त |

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७२

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ पौष २७ गते (वि.सं. २०७७।०९।२७) सोमबार तुलसीपुर उपमहानगरपालिका नगारकार्यपालिकाको ९६ औं बैठकका निर्णयहरु :**

**निर्णय नं ७**

तुलसीपुर उप महानगरपालिका वडा नं. १२ स्थित कपडादेबीमा डिपबोरिङ्ग संञ्चालनका लागि सामान खरिद(बहुबर्षिय) योजना निर्माणको लागि मिति २०७७।२।२९ गते उपभोक्ता समिति र यस उपमहानगरपालिका बीच सम्झौता भएको र उक्त संझौताका साथ भएको लगत ईष्टीमेट बमोजिम कार्य गर्दा डिपबोरिङ्ग सञ्चालनमा आउन नसक्ने भई समस्या आएकोले लगत ईष्टीमेट संशोधन गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं.२१७० मिति २०७७।२।२३ गते पत्रसाथ सम्बन्धीत शाखाको टिप्पणी समेत पेश भएकोले उक्त डिपबोरिङ्गको लगत ईष्टीमेट संशोधन गरी योजनाको कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८**

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघको च.नं. २ मिति २०७७।४।२२को पत्र तथा सो साथ प्रापत७ नं. वडा कार्यालयको च.नं. ८६७ मिति २०७७।६।१४ गतेको पत्रबाट साबिक तुलसीपुर नगरपालिका वडा नं. ३ को वडा कार्यालय रहेको भवनमा निशुल्क रुपमा नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघको कार्यालय सञ्चालनका लागि भवन उपलब्ध गरापाउ भनि निवेदन प्राप्त भएकोल नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघलाई **अस्थायी रुपमा उक्त भवन कार्यालय सञ्चाल तथा सो भवन र जग्गा संरक्षण लागि उपलब्ध गराउने** निर्णय गरियो ।

**निर्णय नं.९**

तुलसीपुर उपहानगरपालिका वडा नं. १२ मा सञ्चालित मेट्रो कलेजको जग्गा अतिक्रमणमा रहेको र सो अतिक्रमण ब्यवस्थापन गर्न १२ नं. वडा अध्यक्षको संयोजकत्वमा गठित समितिले गरेको निर्णय र सिफारिस बमोजिम आर्थिक ब्यवस्था गरी सो जग्गामा बसोबास गरेकालाई जग्गा ब्यवस्था र आवास निर्माणका लागि आर्थिक सहयोग प्रदान गर्ने ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकाको भवन मापदण्ड २०७७ को दफा २९ मा भएको ब्यवस्था अन्तरगत भवन निर्माण गर्दा निश्चित भाग छाडनु पर्ने प्रावधान रहेको र नगरबासीबाट यसरी जग्गा छोडदा शहरी सौन्दर्य गुम्ने,घरको संरचना बिग्रने भनि गुनासो आएको र सो सम्बन्धमा ५ नं. वडा समितिको मिति २०७७।९।६ गते च.नं. १२५३ अनुरोध पत्र र भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाको टिप्पणी समेत प्राप्त भएकोले प्रचलित सडक ऐनको मापदण्ड बमोजिम Ground Coverage



(मिति २०७७।०९।२७ का.पा. ९६ औं का.पा. बैठक निर्णयहरु)

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७७ पौष २७ गते (वि.सं. २०७७।०९।२७) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९६ औं बैठकका निर्णयहरु :**

लाई कायम रहेको सडकको क्षेत्राधिकार तथा सेटब्याकका लागि छोडनु पर्ने मापदण्ड बाहेक अन्य क्षेत्रमा जग्गाधनिले ब्यापारीक,आवासीय,सरकारी तथा अर्ध सरकारी लगाएतका भवन निर्माण गर्न चाहेको अवस्थामा निजको जग्गा उपभोग गरी भवन निर्माणका लागि यस उपमहानगरपालिकाबाट भवन निर्माणको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ११**

तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेको साबिकको तरकारी मण्डी भएको जग्गामा ७० प्रतिशत नगरबिकास कोषबाट ऋण र ३० प्रतिशत आगामी बजेटमा समावेश गरी बहु उद्देश्यीय भवन तथा स्थानीय बिक्रि केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र कुनै ब्यक्ति बिशेषले १० कठ्ठा सम्मको निजि जग्गामा नदिजन्य पदार्थ उत्खखन् गर्दा सामान्य IEE को मापदण्ड पुरा गरेमा नदिजन्य पदार्थ उत्खनन गर्न दिने निर्णय गरियो । साथै निजि जग्गाको IEE सम्बन्धी TOR लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

मिति २०७७।५।१९ गते नदीजन्य पदार्थको विकि शुल्क उठाउन आव्हान गरिएको सूचनामा रित पूर्वक इ-विडिङको माध्यमबाट पर्न आएका बोलपत्र मध्ये सबैभन्दा बढी अंक कबोल गरी मिति २०७७।०७।१८ गतेको कार्यपालिका बैठकबाट स्वीकृत प्राप्त गरेका फर्महरुलाई संझौताको लागि पत्राचार गरिएकोमा विभिन्न कारण देखाइ व्यवसायीहरुले ठेक्का संझौता नगर्ने मनसाय राखि निवेदन दर्ता गराएको हुँदा लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिको परिच्छेद ३ को दफा ९(१) अनुसार तोकिएको म्याद भित्र संझौताका लागि रकम दाखिला नगरेमा निजको नामको धरौटी जफत गरी क्रमश: दोश्रो र तेस्रो कबोलदातालाई रकम सहित संझौताका लागि आव्हान गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम ठेक्का नं रा ०६ ग्वारखोला (भोजपुर लहलौरा जाने पुलको दक्षिण तर्फको क्षेत्र), ठेक्का नं रा ०८ पातुखोला ( सुकौराघाट क्षेत्र) र ठेक्का नं रा ०९ गहतेखोला (पक्कि पुल देखि दक्षिण तर्फको क्षेत्र) को हकमा उल्लेखित कार्यविधि अनुसार संझौताको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

घनश्याम पाण्डे
प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत